# यस्तो छ हाम्रो - न्यू जर्सी

फुल शहरको बारी,
  नयाँ शहर को पारी-
    हाम्रा नारी लाँउछन् सारी
      देखीन्छन् क्या सुकुमारी !!

liberty को छेउमा,
  शान्ती खोज्छन, भिँड्मा,
    हप्ता भरी काममा जान्छन
      मस्ती गर्छन् end-मा !

कार्खानाको शहर
  बास्ना  आउन्छ हर् हर्,
    कोइ आउछन् टाढा बाट,
      कोइ भन्छन् नसर् !

Atlantic को जुवा,
  Indian को खाउ खुवा -
    नेपालीको दाल, भात, अचार
      आउनुस् आमा बुवा !

के छैन यो जिल्ला?

समुद्र, पहाड, किल्ला !

यस्ता साथी-भाइ कोही,

खै अरुतिर मिल्ला?

फार्मेसिको अञ्चल,

beach चै beach को हलच् ल,

राम्रा फुल-का बारी देख्दा,

होला मन चाँही चन्चल !

गाडी माथि गाडी,

घुम्ने बाटो साथी-

दिउंसो त ठिकै छ नि,

गाह्रो हुन्छ राती |

toll -लेइ टोल्-ले वाक्क,

झ्यालबाट थुक्क्छ ख्वाक्क

च्वाँक भनेर पछी लाग्दा,

boxing खाउलाउ प्वाक्क !

बारीमा काँक्रा फर्सी,

फल्छन् बर्सी बर्सी

तरकारी के खानु हुन्छ?

आज, भोली, पर्सी !

सबै मौसुम-को गाउँ,

मेहनत्-ले कमाउँ,

पान्-सय जती नेपालीको,

रमाइलो छ ठाउँ !

यस्तै छ हाम्रो जर्सी !